‘पर्यटन, जडिबुटी, पशुपालन र भौतिक पूर्वाधार : नार्पा भूमिको समुन्नतीको आधार’

ऐन नं.

# नार्पा भूमि गाउँपालिकाको आर्थिक ऐन २०७५
(आ.व. २०७५/०७६)

# नार्पा भूमि गाउँपालिका
च्याँखु, मनाङ
प्रदेश नं. ४
२०७३

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँखु, मनाङ
४ नं. प्रदेश, नेपाल
२०७३

नार्पा भूमि गाउँपालिकाको आर्थिक ऐन २०७५

गाउँसभाबाट स्वीकृत मिति: २०७५/०३/१८

प्रस्तावना

नार्पा भूमि गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संहलनको प्रशासनिक व्यबस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नार्पा भूमि गाउँसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आर्थिक ऐन २०७५" रहेको छ।
(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि नार्पा भूमि गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

२. सम्पत्ति कर : गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत/सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. भूमि कर (मालपोत) : गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ। (एकीकृत सम्पत्ती कर लगाएको अवस्थामा भूमि कर नलाग्ने)

४. घर जग्गा बहाल कर : गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ।

५. व्यवसाय कर : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपल गरिनेछ।

६. जडिबुटी, कवाडी र जीवजन्तु कर : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) वमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. सवारी साधन कर : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइनेछ र उक्त कर सम्वन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४, बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत् गाउँपालिकाको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ।

८. विज्ञापन कर : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्वन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

९. मनोरञ्जन कर : गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेश (प्रदेश नं. ४) ले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

सिङमा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

१०. बहाल बिटौरी शुल्क : गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसूची (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाईने र असूल उपर गरिने छ ।

११. पार्किङ शुल्क : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफिटङ शुल्क: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफिटङ सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. सेवा शुल्क र दस्तुर : गाउँपालिकाले निर्माण, संचालन वा व्यबस्थापन गरेका अनुसूची (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४. पर्यटन प्रवेश शुल्क : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्कि सम्पदा, सग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१५. अन्य कर: गाउँपालिका क्षेत्रभित्र सञ्चालित अन्य गतिविधीहरुको कर अनुसूची (१४) मा उल्लेख भए बमोजिम लगाईने र असूल उपर गरिनेछ ।

१५. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि : यो ऐनमा भएको व्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्य विधिध गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१७. ऐनको परिपालना बाध्यकारी हुने : नार्पा भूमि गाउँपालिकाका विषयगत शाखा, वडा कार्यालय तथा अन्य सम्बन्धित कार्यालयहरुबाट समेत सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आवद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नुपर्नेछ ।

१८. नियम वा कार्यविधी बनाउन सक्ने : नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले यस ऐनमा भएका कर सम्बन्धी व्यबस्थाहरुलाई नियमित तथा कार्यान्वयन गर्ने प्रयोजनका लागि आवश्यक नियम वा कार्यविधी बनाउन सक्नेछ ।

१९. यसै ऐन बमोजिम भएको मानिने : यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

२०. यस ऐनमा उल्लिखित व्यबस्था यसै बमोजिम र उल्लेख नभएको हकमा अन्य प्रचलित ऐन, नियम, कार्यविधी तथा तालुक निकायको परिपत्र तथा मार्गनिर्देशन बमोजिम हुनेछ ।

छिङ्मा छिरिङ्ग लामा
गाउँपालिका अध्यक्ष

अनुसूची १
नार्पा भूमि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## सम्पत्ति कर

एकीकृत सम्पत्ति करको दर

| देखि | सम्म | दर (रुपैयाँमा) | कैफियत |
|---|---|---|---|
| रु. १ | रु. २ लाखसम्म | ५०। | प्रतिवर्ष |
| रु. २ लाख १ भन्दा माथि | रु. ५ लाखसम्म | १००। | |
| रु. ५ लाख १ भन्दा माथि | रु. १० लाखसम्म | २००। | |
| रु. १० लाख १ भन्दा माथि | रु. २० लाखसम्म | ५००। | |
| रु. २० लाख १ भन्दा माथि | रु. ३० लाखसम्म | ७००। | |
| रु. ३० लाख १ भन्दा माथि | रु. ४० लाख सम्म | १०००। | |
| रु. ४० लाख १ भन्दा माथि | रु. ५० लाख सम्म | १४००। | |
| रु. ५० लाख १ भन्दा माथि | रु. ६० लाख सम्म | १८००। | |
| रु.६० लाख१ भन्दा माथि | रु. ७० लाखसम्म | २२००। | |
| रु. ७० लाख १ भन्दा माथि | रु. ८० लाखसम्म | २७००। | |
| रु. ८० लाख १ भन्दा माथि | रु. ९० लाखसम्म | ३२००। | |
| रु. ९० लाख १ भन्दा माथि | रु. १ करोडसम्म | ४०००। | |
| रु. १ करोड १ भन्दा माथि | रु. १ करोड २० लाखसम्म | ५०००। | |
| रु. १ करोड २० लाख १ भन्दा माथि | रु. १ करोड ४० लाखसम्म | ६०००। | |
| रु. १ करोड ४० लाख १ भन्दा माथि | रु. १ करोड ६० लाख सम्म | ७५००। | |
| रु. १ करोड ६० लाख १ भन्दा माथि | रु. १ करोड ८० लाख सम्म | ९०००। | |
| रु. १ करोड ८० लाख १ भन्दा माथि | रु. २ करोड सम्म | १०५००। | |
| रु २ करोड १ भन्दा माथि | रु. २ करोड ५० लाख सम्म | १५०००। | |
| रु. २ करोड ५० लाख १ भन्दा माथि | रु. ३ करोड सम्म | २००००। | |
| रु. ३ करोड भन्दा माथि | जति भएपनि | १ रुपैया प्रति हजार | |

एकीकृत सम्पत्ति कर नलागेको अवस्थामा निम्नानुसार घर कर र अनुसूची २ बमोजिम भूमिकर लाग्ने।

| | | | | | |
|---|---|---|---|---|---|
| २ | घर कर | कच्ची घर ढुंगा माटो जडान | प्रति घर रु. २००।- | वार्षिक | एकीकृत सम्पत्ति कर लिईएमा घर कर नलाग्ने |
| | घर कर | झिंगटी, टायल वा टिनले छाएको पक्की घर | प्रति घर रु. ४००।– | वार्षिक | एकीकृत सम्पत्ति कर लिईएमा घर कर नलाग्ने |
| | घर कर | पक्की घर (प्लाष्टर,प्याडकिड) | प्रति घर रु.७००।- | वार्षिक | एकीकृत सम्पत्ति कर लिईएमा घर कर नलाग्ने |
| | घर कर | आर.सि.सि ढलान १ तले पक्की घर | प्रति घर रु. १०००।- | बार्षिक | एकीकृत सम्पत्ति कर लिईएमा घर कर नलाग्ने |
| | घर कर | आर.सि.सि. ढलान २ तले वा सो भन्दा बढी | प्रति घर रु. २०००।- | बार्षिक | एकीकृत सम्पत्ति कर लिईएमा घर कर नलाग्ने |

नोटः विगतको बक्यौताा (तिर्न बाँकी रकम) मा २०% का दरले जरिवाना लाग्नेछ।

मिङमा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

अनुसूची २

नार्पा भूमि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## भूमिकर (मालपोत)

| सि. नं. | विवरण | कर प्रयोजनको विषय/विधी/ तरिका/ क्षेत्र | दर | अवधि/पटक | कैफियत |
|---|---|---|---|---|---|
| १. | मालपोत | खेत/अब्बल | प्रति रोपनी रु.० | वार्षिक/एक पटक | एकीकृत सम्पत्ति कर लिईएमा भूमि कर नलाग्ने? |
| २. | मालपोत | खेत/दोयम | प्रति रोपनी रु.० | वार्षिक/एक पटक | एकीकृत सम्पत्ति कर लिईएमा भूमि कर नलाग्ने |
| ३. | मालपोत | खेत/सीम | प्रति रोपनी रु.० | वार्षिक/एक पटक | एकीकृत सम्पत्ति कर लिईएमा भूमि कर नलाग्ने |
| ४. | मालपोत | खेत/चाहार | प्रति रोपनी रु.५ | वार्षिक/एक पटक | एकीकृत सम्पत्ति कर लिईएमा भूमि कर नलाग्ने |
| ५. | मालपोत | बारी,भिट,पाखो/अब्बल | प्रति रोपनी रु.० | वार्षिक/एक पटक | एकीकृत सम्पत्ति कर लिईएमा भूमि कर नलाग्ने |
| ६. | मालपोत | बारी,भिट,पाखो/दोयम | प्रति रोपनी रु.० | वार्षिक/एक पटक | एकीकृत सम्पत्ति कर लिईएमा भूमि कर नलाग्ने |
| ७. | मालपोत | बारी,भिट,पाखो/सीम | प्रति रोपनी रु.० | वार्षिक/एक पटक | एकीकृत सम्पत्ति कर लिईएमा भूमि कर नलाग्ने |
| ८. | मालपोत | बारी,भिट,पाखो/चाहार | प्रति रोपनी रु.५ | वार्षिक/एक पटक | एकीकृत सम्पत्ति कर लिईएमा भूमि कर नलाग्न |
| ९. | मालपोत | पाँचौ | प्रति रोपनी रु.५ | वार्षिक/एक पटक | एकीकृत सम्पत्ति कर लिईएमा भूमि कर नलाग्ने |

नोटः करदाताले जग्गाको किसिम खुलेको जग्गाधनी प्रमाण पूर्जा लिएर मालपोत तिर्न आउनुपर्नेछ । बिगतको बक्यौता (तिर्न बाँकी रकम) मा २०% का दरले जरिवाना लाग्नेछ ।

भिक्ष्मा छिरिङ लामा

गाउँपालिका अध्यक्ष

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याखु, मनाङ
४ नं. प्रदेश, नेपाल
२०७३

अनुसूची ३

नार्पा भूमि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## घरजग्गा बहाल कर

| सि. नं. | विवरण/कर शीर्षक | इकाई/दर | अवधि/पटक | कैफियत |
|---|---|---|---|---|
| १. | घर बहाल कर | कोठा संख्या × प्रति कोठा भाडा दर × १२ महिना × १० प्रतिशतले हुन आउने रकम | वार्षिक/एक पटक | |
| २. | जग्गा बहाल कर | बर्षिक बहाल रकमको १० प्रतिशतले हुन आउने रकम | वार्षिक/एक पटक | |

मिङ्मा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

## अनुसूची ४
## नार्पा भूमि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
## ब्यबसाय कर

| सि. नं. | विवरण/कर शीर्षक | कर प्रयोजनको विषय/विधी/ तरिका/ क्षेत्र | इकाई/दर | अवधि/पटक | कैफियत |
|---|---|---|---|---|---|
| १. | ब्यबसाय कर | सानो खुद्रा मदिरा पसल | प्रति पसल रु १०००. | वार्षिक/एक पटक | |
| २. | ब्यवसाय कर | खुद्रा औषधी पसल | प्रति पसल रु.५०० | वार्षिक/एक पटक | |
| ३. | ब्यवसाय कर | सानो खाद्यान्न किराना पसल | प्रति पसल रु.५०० | वार्षिक/एक पटक | |
| ४. | ब्यबसाय कर | नेपाल सरकारबाट इजाजत प्राप्त क बर्गको निर्माण ब्यबसायी | प्रति ब्यबसायी रु.५००० | वार्षिक/एक पटक | |
| ५. | ब्यबसाय कर | नेपाल सरकारबाट इजाजत प्राप्त ख बर्गको निर्माण ब्यबसायी | प्रति ब्यबसायी रु.४००० | वार्षिक/एक पटक | |
| ६. | ब्यबसाय कर | नेपाल सरकारबाट इजाजत प्राप्त ग बर्गको निर्माण ब्यबसायी | प्रति ब्यबसायी रु.३००० | वार्षिक/एक पटक | |
| ७. | ब्यबसाय कर | नेपाल सरकारबाट इजाजत प्राप्त घ बर्गको निर्माण ब्यबसायी | प्रति ब्यबसायी रु.१००० | वार्षिक/एक पटक | |
| ८. | ब्यबसाय कर | घरेलु कुटिर उद्योग (गलैंचा, छुपी,चिज घ्यू) | प्रति उद्योग रु.२५० | वार्षिक/एक पटक | |
| ९. | ब्यबसाय कर | कुटानी पेलानी : पानी घट्ट | प्रति घट्ट रु.५०० | वार्षिक/एक पटक | |
| ११. | ब्यबसाय कर | कुटानी पेलानी: हलर मिल | प्रति मिल रु.१००० | वार्षिक/एक पटक | |
| १२. | ब्यबसाय कर | कुटानी पेलानी: सेलर मिल | प्रति मिल रु.१००० | वार्षिक/एक पटक | |
| १३. | ब्यबसाय कर | काठको फर्निचर उद्योग | प्रति उद्योग रु.५००० | वार्षिक/एक पटक | |
| १४. | ब्यबसाय कर | पर्यटन उद्योग : होटेल तथा रेष्टुरेण्ट | प्रति होटल रु.१००० | वार्षिक/एक पटक | |
| १५ | ब्यबसाय कर | पर्यटन उद्योग : होटेल, लज तथा रेष्टुरेण्ट | प्रति हाटेल रु.१५०० | वार्षिक/एक पटक | |
| १६ | ब्यबसाय कर | टेलिफोन, ट्रंककल, मोबाईल सेवा प्रदायक कम्पनी | रु.५००० | वार्षिक/एक पटक | |
| १७ | ब्यबसाय कर | V – SAT SET सञ्चालन शुल्क | रु.१००० नारको हकमा तथा रु. ५००० फू को हकमा | वार्षिक/एक पटक | नारमा नेपाल टेलिकम को टावर भएकोले कम शुल्क तोकीएको र यदि फू गाउँमा पनि नेपाल टेलिकम को टावर स्थापना भएमा शुल्क रु.१००० मात्र कायम गरीने छ। |
| १८. | ब्यबसाय कर | विकास बैंक शाखा कार्यालय | रु.१५०० | वार्षिक/एक पटक | |
| १९. | ब्यबसाय कर | वाणिज्य बैंक शाखा कार्यालय | रु.२५०० | वार्षिक/एक पटक | |
| २०. | ब्यबसाय रजिष्ट्रेशन दस्तुर | | रु. १००० | | |

ब्यबसाय रजिष्ट्रेशन दस्तुर : कार्यपालिकाले नियम बनाएर लगाउन सक्नेछ। साथै माथि उल्लेख नभएको कुनै ब्यबसाय भएमा कार्यपालिकाले निर्णय गरेर कर लगाउन सक्नेछ।

मिङ्मा छिरिङ गुरुङ
गाउँपालिका अध्यक्ष

अनुसूची ५

नार्पा भूमि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## जडिबुटी कवाडी र जिवजन्तु कर

| सि. नं. | विवरण/कर शीर्षक | कर प्रयोजनको विषय/विधी/ तरिका/ क्षेत्र | जम्मा रु. | अवधि/पटक | कैफियत |
|---|---|---|---|---|---|
| १. | जडिबुटी, कवाडी र जिवजन्तु कर | यार्सागुम्बा संकलन/निकासी | नारCmc सँग रु१५०००००। फूCmc सँग रु ५०००००। | संकलन भएको समयमा | संकलकले तिर्ने |

अनुसूची ६ मा नसमेटिएका अन्य जडिबुटी, कवाडी र जीवजन्तु कर कार्यपालिकाले निर्णय गरी लगाउन सक्नेछ ।

मिङमा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँखु, मनाङ
४ नं. प्रदेश, नेपाल
२०७३

अनुसूची ६
नार्पा भूमि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## सवारी साधन कर

| सि. नं. | विवरण/कर शीर्षक | कर प्रयोजनको विषय/विधी/ तरिका/ क्षेत्र | इकाई/दर ( रुपैयाँमा) | अवधि/पटक | कैफियत |
|---|---|---|---|---|---|
| १. | सवारी साधन कर | बस, ट्रक, लरी र अन्य हेभी गाडीमा | १०००।- | वार्षिक | |
| २. | सवारी साधन कर | कालो प्लेटको कार, जीप र भ्यान | २००।- | वार्षिक | |
| ३. | सवारी साधन कर | मिनि/माइक्रो बस, मिनि ट्रक | ५००।- | वार्षिक | |
| ४. | सवारी साधन कर | रातो प्लेट भएको कार, टेम्पो तथा मिनिवस | १००।- | वार्षिक | |
| ५. | सवारी साधन कर | भाडाको टेम्पो | १००।- | वार्षिक | |
| ६. | सवारी साधन कर | अटो रिक्सा, मोटरसाईकल, स्कुटर | २५०।- | वार्षिक | |
| ७. | सवारी साधन कर | रातो/कालो प्लेट भएको भाडामा चल्ने ट्र्याक्टर | १०००।- | वार्षिक | |

सवारी साधन कर सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

सिङ्गा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँछु, मनाङ
४ नं. प्रदेश, नेपाल
२०७३

अनुसूची ७

नार्पा भूमि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## विज्ञापन कर

| सि. नं. | विवरण/कर शीर्षक | कर प्रयोजनको विषय/विधी/ तरिका/ क्षेत्र | इकाई/दर | अवधि/पटक | कैफियत |
|---|---|---|---|---|---|
| १. | विज्ञापन कर | ब्यबसायिक होर्डिङ बोर्ड | प्रति वर्ग फिट रु. ० | वार्षिक/ एक पटक | त्यस्तो बोर्ड रहेसम्म हरेक वर्ष |
| २. | विज्ञापन कर | पोष्टर/पम्प्लेट सादा | प्रति वर्गफिट रु.० | वार्षिक/ एक पटक | त्यस्तो बोर्ड रहेसम्म हरेक वष |
| ३. | विज्ञापन कर | पोष्टर/पम्प्लेट रंगिन | प्रति वर्गफिट रु.० | वार्षिक/ एक पटक | त्यस्तो बोर्ड रहेसम्म हरेक वष |
| ४. | विज्ञापन कर | सब बोर्ड | प्रति बर्गफिट रु. ० | वार्षिक/ एक पटक | त्यस्तो बोर्ड रहेसम्म हरेक वष |
| ५. | विज्ञापन कर | वाल पेन्टिङ | प्रति वर्ग फिट रु. ० | वार्षिक/ एक पटक | त्यस्तो बोर्ड रहेसम्म हरेक वष |

विज्ञापन कर सम्बन्धी अन्य व्यवस्था गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ । साथै गाउँपालिका क्षेत्रभित्र गाउँ कार्यपालिका/वडा समितिको कार्यालयलाई जानकारी नदिई अनधिकृत तवरले कसैले कुनै विज्ञापन सामग्री राखेको/टाँसेको पाईएमा तोकिएको दरमा ५०% जरिवाना दस्तुर लगाई करको दायराभित्र आउनलाई आग्रह गरिनेछ । सो प्रावधानको अवज्ञा गर्नेको हकमा त्यस्तो विज्ञापन गर्ने व्यवसाय/फर्म/संस्थाको विज्ञापन हटाई विज्ञापन हटाउन लागेको शुल्क सहित एक वर्षको कर र ५०% जरिवाना दस्तुर असूल उपर गरिनेछ ।

मिङ्मा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँखु, मनाङ
४ नं. प्रदेश, नेपाल
२०७३

अनुसूची ८

नार्पा भूमि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## मनोरञ्जन कर

| सि. नं. | विवरण/कर शीर्षक | कर प्रयोजनको विषय/विधी/ तरिका/ क्षेत्र | इकाई/दर | अवधि/पटक | कैफियत |
|---|---|---|---|---|---|
| १. | मनोरञ्जन कर | ............मेला | मेला लागेको समयमा हरेक पटक रु..... | हरेक पटक | |
| २. | मनोरञ्जन कर | ब्यबसायिक मनोरञ्जनात्मक भिडियो प्रस्तुती | प्रस्तुतीको समयमा रु. | हरेक पटक | |
| ३. | मनोरञ्जन कर | फिल्म सुटिङ | प्रति दिन रु. | सुटिङको अवधिमा प्रतिदिन | |
| ४. | मनोरञ्जन कर | ब्यबसायिक फोटोग्राफर | प्रति दिन रु. | | |
| | | | | | |

मनोरञ्जन कर सम्वन्धी अन्य ब्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

मिङ्मा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

अनुसूची ९

नार्पा भूमि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## बहाल बिटौरी शुल्क

| सि. नं. | विवरण/कर शीर्षक | कर प्रयोजनको विषय/विधी/ तरिका/ क्षेत्र | इकाई/दर | अवधि/पटक | कैफियत |
|---|---|---|---|---|---|
| १. | सुति खोला देखी छहरा सम्मको हकमा | प्रति कोठा | ३०००। | वार्षीक एक पटक | |
| २. | क्याम्पीङ र धर्मशालाहरुमा | वोलपत्र आवाहान गर्ने | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| | | | | | |

गाउँपालिका क्षेत्रभित्र गाउँपालिका आफैले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा बहाल बिटौरी शुल्क लगाइने सम्वन्धी निर्णय गाउँकार्यपालिकाले गरे बमोजिम हुनेछ ।

मिङ्मा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

अनुसूची १७

नार्पा भूमि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## पार्किङ शुल्क

| सि. नं. | विवरण/कर शीर्षक | कर प्रयोजनको विषय/विधी/ तरिका/ क्षेत्र | इकाई/दर | अवधि/पटक | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

यस सम्बन्धी व्यबस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

मिङमा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

अनुसूची ११

नार्पा भूमि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ शुल्क

| सि. नं. | विवरण / कर शीर्षक | कर प्रयोजनको विषय / विधी / तरिका / क्षेत्र | इकाई / दर | अवधि / पटक | कैफियत |
|---|---|---|---|---|---|
| १. | ट्रेकिङ | ......पास / विदेशी पर्यटक | प्रति व्यक्ति | प्रति दिन | |
| २. | ट्रेकिङ | ......पास / स्वदेशी पर्यटक | | | |
| ३. | ट्रेकिङ | ......पास / विदेशी पर्यटक | | | |
| ४. | क्यानोइङ | लुङ्गा झरना | | | |
| ५. | | | | | |

यस सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ । यस अनुसूची अन्तर्गतको शुल्क सम्बन्धमा थप स्पष्ट हुनका लागि नेपाल सरकार, प्रदेश सरकार र ACAP लगायतका सम्बन्धित सबै पक्षसँग समन्वय र सहकार्य गरिनेछ ।

मिङमा छिरिङ लामा

गाउँपालिका अध्यक्ष

अनुसूची १२
नार्पा भूमि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
## सेवा शुल्क दस्तुर

| क्र. सं. | सेवाको विवरण | इकाई | शुल्क, दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | नागरिकता सिफारिस फाराम सहित | प्रति सिफारिस | २०० | |
| २. | नागरिकता प्रतिलिपी सिफारिस | प्रति सिफारिस | ३०० | |
| ३. | अंगिकृत नागरिकता सिफारिस | प्रति सिफारिस | १०००.०० | |
| ४. | नाम, थर संशोधन सिफारिस | प्रति सिफारिस | ५०० | |
| ५. | नाता प्रमाणित सिफारिस (स्वदेश प्रयोजन) | प्रति सिफारिस | २०० | |
| ६. | नाता कायम सिफारिस | प्रति सिफारिस | २०० | |
| ७. | बसोवास प्रमाणित सिफारिस | प्रति सिफारिस | २०० | |
| ८. | पिछडिएको क्षेत्र सिफारिस | प्रति सिफारिस | २०० | |
| ९. | नाबालक सिफारिस | प्रति सिफारिस | २०० | |
| १०. | जन्म मिति प्रमाणित सिफारिस | प्रति सिफारिस | २०० | |
| ११. | बैवाहिक सम्बन्ध प्रमाणित सिफारिस | प्रति सिफारिस | ४०० | |
| १२. | अविवाहित प्रमाणित सिफारिस | प्रति सिफारिस | ४०० | |
| १३. | पारिवारिक विवरण सिफारिस | प्रति सिफारिस | २०० | |
| १४. | व्यक्ति प्रमाणित सिफारिस | प्रति सिफारिस | २०० | |
| १५ | मदिरा व्यबसाय सिफारिस | प्रति सिफारिस | १००० | |
| १६. | व्यक्तिगत घटना दर्ता (पञ्जिकरण) (३५ दिन पछिको) | प्रति दर्ता | ५० | |
| १७. | घर जग्गा नामसारी सिफारिस | प्रति सिफारिस | २०० | |
| १८. | मोही लगतकट्टा सिफारिस | प्रति सिफारिस | ३०० | |
| १९. | अंशबण्डा सिफारिस | प्रति सिफारिस | २०० | |
| २०. | घरबाटो प्रमाणित सिफारिस/बाटो नभएको | प्रति सिफारिस | २०० | |
| २१. | छुट जग्गा दर्ता सिफारिस | प्रति रोपनी | १००० | |
| २२. | घर जग्गा दा.खा. सिफारिस | प्रति सिफारिस | ५०० | |
| २३. | जग्गा सम्बन्धी अन्य सिफारिसहरुःबकस, राजिनामा, सट्टापट्टा आदि | प्रति सिफारिस | २०० | |
| २४. | जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी सिफारिस | प्रति सिफारिस | २०० | |
| २५. | बन्दुक नविकरण सिफारिस | प्रति बन्दुक सिफारिस | १००० | |
| २६. | पञ्जिकरण प्रतिलिपी | प्रति सिफारिस | ३०० | |
| २७. | विपन्न विद्यार्थी छात्रबृत्ति सिफारिस | प्रति सिफारिस | ० | |
| २८. | अपाङ्ग सिफारिस | प्रति सिफारिस | ० | |
| २९ | अस्थायी बसोबास सिफारिस | प्रति सिफारिस | २०० | |
| ३०. | स्थायी बसोबास सिफारिस | प्रति सिफारिस | २०० | |
| ३१. | आर्थिक अवस्था बलियो र सम्पन्नता प्रमाणित | प्रति सिफारिस | १००० | |
| ३२. | आर्थिक अवस्था कमजोर र विपन्नता प्रमाणित | प्रति सिफारिस | ० | |
| ३३. | खानेपानी, विद्युत, टेलिफोन जडान र नामसारी/ठाउँसारी सिफारिस | प्रति सिफारिस | २०० | |
| ३४. | धारा जडान सिफारिस | प्रति सिफारिस | ३०० | |
| ३५. | जिवित रहेको सिफारिस | प्रति सिफारिस | २०० | |
| ३६. | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस/ फरक परेको जन्म मिति संशोधन सिफारिस | प्रति सिफारिस | २०० | |

मिङ्मा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३७. | वार्षिक आय श्रोत प्रमाणित सिफारिस ( कुल रकमको रु. | कुल रकमको | ०.१% | गाउँ कार्यपालिकाबाट मात्र प्रदान गरिने । |
| ३८. | ब्यवसाय बन्द सिफारिस | प्रति सिफारिस | २०० | |
| ३९. | ब्यवसाय सञ्चालन भएको सिफारिस | प्रति सिफारिस | २०० | |
| ४०. | ब्यापार ब्यवसाय नभएको सिफारिस | प्रति सिफारिस | २०० | |
| ४१. | नाबालक परिचय पत्र सिफारिस | प्रति सिफारिस | २०० | |
| ४२. | चौपाया सम्बन्धी सिफारिस | प्रति सिफारिस | २०० | |
| ४३. | ब्यवसाय दर्ता सिफारिस | प्रति सिफारिस | २०० | |
| ४४. | उद्योग व्यवसाय ठाउँसारी सिफारिस | प्रति सिफारिस | २०० | |
| ४५ | आन्तरिक बसाई सराई सिफारिस | प्रति सिफारिस | २०० | |
| ४६. | विद्यालय संचालन स्वीकृती/कक्ष बृद्धि सिफारिस (सामुदायिक) | प्रति सिफारिस | २०० | गाउँ कार्यपालिकाको कार्यालयबाट मात्र गर्न सकिने । |
| ४७. | संरक्षक सिफारिस (ब्यक्तिगत) | प्रति सिफारिस | २०० | |
| ४८. | संरक्षक सिफारिस (संस्थागत) | प्रति सिफारिस | २०० | |
| ४९. | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | प्रति सिफारिस | २०० | |
| ५०. | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | प्रति सिफारिस | ० | |
| ५१. | संघ संस्था दर्ता सिफारिस | प्रति सिफारिस | २०० | |
| ५२. | घर अभिलेखिकरणः पक्की नक्सा प्रमाणित सहितको | बर्गफिट | प्रति वर्ग फिट रु. ३ | वार्षिक |
| ५३. | घर अभिलेखिकरण दस्तुर : कच्चि ढुंगाको छाना भएको | बर्गफिट | प्रति वर्ग फिट रु. १.५ | |
| ५४. | घर अभिलेखिकरण दस्तुर : कच्चि टिनको छाना भएको | बर्गफिट | प्रति वर्ग फिट रु. १ | |
| ५५. | घर नक्सा पास गर्दा निवेदन दस्तुर | | २०० | |
| ५६. | नयाँ घरको नक्सा पास दस्तुर/पक्कि/सिमेन्टेड | प्रति वर्ग फिट | रु.५ | गाउँ कार्यपालिकाको कार्यालयबाट मात्र प्रदान गरिने । |
| ५७. | नयाँ घरको नक्सा पास दस्तुर/कच्ची, ढुंगा, काठ, टिन | प्रति वर्ग फिट | रु.३ | |
| ५८. | नक्सा पास गर्दा रेखांकन शुल्क | प्रति वर्ग फिट | रु.१ | |
| ५९. | घर निर्माण सम्पन्न प्रमाणपत्र | प्रति सिफारिस | १००० | |
| ६०. | चार किल्ला प्रमाणित | प्रति सिफारिस | २०० | |
| ६१. | खुल्न नआएका अन्य सिफारिस | प्रति सिफारिस | रु. ५०० | |
| ६२. | *डोजर, रोलर ब्याकहोलोडर, स्काइभेटर* जस्ता हेभी इक्वीपमेन्ट संचालन अनुमती शुल्क | प्रति आयोजना | रु.२००० | |
| ६३. | उद्योग दर्ता सिफारिस क्रमशः ठुलो, मझौला, लघु र साना | प्रति सिफारिस क्रमश | रु.५०००,रु४०००, रु३०००,रु.२००० | |
| ६४. | पेन्सन पट्टा सिफारिस (स्वदेशी) | प्रति सिफारिस | २०० | |
| ६५. | पेन्सन पट्टा सिफारिस (विदेशी) | प्रति सिफारिस | ५०० | |
| ६६. | वस्तुगत विवरण (घर, गोठ, टहरा) भए नभएको प्रमाणित सिफारिस | प्रति सिफारिस | २०० | |
| ६७. | मिलापत्र बक्सौनी दस्तुर | प्रति सिफारिस | ५०० | |
| ६८. | कुनै पनि कागजातको नक्कल | प्रति पाना | रु.५० | |
| ६९. | वंशजको नागरिकताको सिफारिस गर्दा गरिने सर्जमिन | सर्जमिन मुचुल्का | ५०० | |
| ७०. | अंगिकृत नागरिकताको सिफारिस गर्दा गरिने सर्जमिन | सर्जमिन मुचुल्का | १००० | |
| ७१. | नाता प्रमाणित सर्जमिन मुचुल्का दस्तुर | सर्जमिन मुचुल्का | ५०० | |
| ७२. | अन्य कुनै पनि खालको सर्जमिन | सर्जमिन मुचुल्का | १००० | |

सेवा शुल्क दस्तुर सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

मिङ्मा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याखु, मनाङ
प्रदेश, नेपाल
२०७३

अनुसूची १३

नार्पा भूमि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## पर्यटन शुल्क

| क. सं. | पर्यटकीय स्थल | पर्यटकको विवरण | शुल्कको प्रकार | शुल्क, दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | ......गुम्बा | स्वदेशी | प्रवेश शुल्क | ० | |
| २. | .....गुम्बा | बिदेशी/सार्क क्षेत्रको | प्रवेश शुल्क | ० | |
| ३. | .....नार क्षेत्र | ..... | | | |

पर्यटन शुल्क सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ । साथै सो सम्बन्धमा गाउँ कार्यपालिकाले सम्बन्धित अन्य सरकारी/गैर सरकारी पक्षहरुसँग समन्वय गरी निर्णय लिनेछ ।

मिङ्मा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

अनुसूची १४
नार्पा भूमि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## अन्य कर, शुल्क

| क.सं. | विवरण | असुली रकम | अवधि/पटक | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल टेलिकम टावर राखेबापतको शुल्क | २२७५० | वार्षिक/एक पटक | |
| २. | नारमा ढुंगा गिटी र बालुवा संकलन शुल्क वापत | २०,००० | वार्षिक/एक पटक | क्षेत्र/ भुगोलको विषयमा गाउँकार्यपालिकाले तोके बमोजीम हुने |
| ३. | फू मा ढुंगा गिटी र बालुवा संकलन शुल्क | १०,००० | वार्षिक/एक पटक | |
| ४. | ना खोला र था खोला विद्युत सेवा शुल्क | समिति मार्फत उठ्ने कुल रकमको २५प्रतिशत | वार्षिक/एक पटक | |
| ५. | ढल निकास सेवा शुल्क प्रति घर | रु.५० | वार्षिक/एक पटक | |

अनुसूची १-१४ सम्म कुनै पनि शीर्षकमा नपरेको कर तथा गैर कर राजश्व शीर्षक/क्षेत्रका सम्बन्धमा गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

मिङमा छिरिङ लामा
गाउँपालिका अध्यक्ष